बैठक मिति : २०७६/११/१२
बैठक संख्या : १८

## छलफल तथा निर्णयहरु

१. संघीय संसद, प्रतिनिधि सभाको विकास तथा प्रविधि समिति को मिति २०७६/१०/२७ को बैठकले गरेको निर्णय/निर्देशनको बुँदा नं २ – *"हाल निर्माणको क्रममा रहेका विभिन्न मन्त्रालय तथा निकायहरुका विकास आयोजनाहरुमा अन्तर निकायगत समन्वय कायम हुने गरी एकीकृत रुपमा अगाडी बढाउने कार्ययोजना बनाई कार्यान्वियन गर्ने सुनिश्चितता गर्न र त्यस प्रकारका कार्य योजनाहरु तयार गर्नु पूर्व सम्वद्ध निकायहरुसँग समन्वय गरी कार्यान्वियन हुने वातावरण मिलाउन समिति राष्ट्रिय योजना आयोगलाई निर्देश गर्दछ ।"* को कार्यान्वयनका लागि माननीय सदस्य इ. सुशील भट्टलाई ज़िम्मेवारी तोक्ने । साथै पूर्वाधार तथा उत्पादन महाशाखा बाट कार्य सम्पादन गर्ने ।

२. विभिन्न मन्त्रालय/निकायबाट चालु आ.व. २०७६/७७ मा नै कार्यान्वयन शुरुवात गर्ने गरी सञ्चालनमा लैजान स्रोत सुनिश्चितता लगायत विषयका लागि बहुवर्षीय ठेक्का व्यवस्थापन पूर्वस्वीकृति माग भई आयोगमा प्राप्त हुन आएका कार्यक्रम/आयोजनाका सम्बन्धमा २०७६ फाल्गुण मसान्त भित्र त्यस प्रकृतिका कार्यक्रम/आयोजना को विवरण संकलन गरी अर्थ मन्त्रालयसँग को समन्वयमा टुङ्ग्याउने ।

३. नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना (दोस्रो सन् २०१८-२०२२) कार्यान्वयनका लागि युरोपियन युनियनले प्रदान गर्ने सहायताको आर्थिक सम्झौताको मस्यौदा र **Performance Indicators of the Variable Tranches** मा सुशासन तथा सामाजिक विकास महाशाखा तथा आयोगको बैठकबाट प्राप्त सुझाव अनुसार तयार गरिएको पृष्ठपोषण अर्थ मन्त्रालयमा लेखी पठाउने।

४. दिगो विकास लक्ष्य सम्बन्धी स्वेच्छिक राष्ट्रिय समिक्षा **(Voluntary National Review)** को अवधारणा-पत्र र कार्यक्षेत्रगत शर्त **(ToR)** सम्बन्धमा माननीय उपाध्यक्षबाट निर्णय गरी कार्यान्वयनमा लैजाने ।

५. संघीय संसद, प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिको आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन तथा रुग्ण आयोजनाहरुको अनुगमन सम्बन्धी विषय जानकारी भयो । राष्ट्रिय योजना आयोगको कार्य जिम्मेवारीमा पर्ने विषयहरु आगामी दिनमा कार्यान्वियन गर्दै लैजाने ।

६. प्रदेशस्तरीय विकास समस्या समाधान समिति बैठक आयोजना गर्न प्रदेश सरकारलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत अनुरोध गर्ने र उक्त बैठकमा राष्ट्रिय योजना आयोगका तहगत समन्वय हेर्ने सम्बन्धित माननीय सदस्यलाई सहभागी गराउन समेत अनुरोध गर्ने।